# आ.व. २०८०/८१
# को
# संक्षिप्त वार्षिक आर्थिक विवरण

आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.

RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त 'घ' वर्गको थोक लघुकर्जा प्रदायक राष्ट्रियस्तरको वित्तीय संस्था)

# आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको

## एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरू,

यस लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८१ पौष ४ गते बिहीबार बसेको १६४ औं बैठकको निर्णय अनुसार कम्पनीको एघारौं वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ वमोजिम यो सूचना प्रकाशित गरिएको छ। उक्त सभामा उपस्थितिका लागि सम्पूर्ण शेयरधनी महानुभावहरूलाई हार्दिक अनुरोध गर्दछौं।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१ साल पौष २९ गते सोमबार (तद्नुसार जनवरी १३, २०२५)।

समय : बिहान ९:३० बजेदेखि।

स्थान : वेष्टर्न एसियन होटल प्रा. लि. बुटवल, रूपन्देही।

**छलफलका विषयहरु :**

क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/८१ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८१ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने।

३. सञ्चालक समितिबाट प्रस्ताव गरिएको नगद लाभांश, चुक्ता पूँजीको ०.५० (शुन्य दशमलव पाँच) प्रतिशतले हुने रकम रु. ४७ लाख २१ हजार ७५५ रुपैंया मात्र (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्न स्वीकृति प्रदान गर्ने।

४. आर्थिक् वर्ष २०८१/८२ का लागि वाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने।

५. संस्थापक शेयरधनी (समुह "क") को तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने।

६. सर्वसाधारण शेयरधनी (समुह "ख") को तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने।

ख) विशेष प्रस्ताव

१. सञ्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पूँजीको ९.५० (नौ दशमलव पाँच शुन्य) प्रतिशतले हुने रकम रु. ८ करोड ९७ लाख १३ हजार ३५२ रुपैंया बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने।

२. संस्थाको अधिकृत पूँजी रु. १ अर्ब रुपैंयाबाट वृद्धि गरी रु. १ अर्ब २५ करोड रुपैंया पुऱ्याउने।

३. संस्थाको जारी र चुक्ता पूँजी रु. ९४ करोड ४३ लाख ५१ हजार ६५ रुपैंया २२ पैसा बाट वृद्धि गरी १ अर्ब ३ करोड ४० लाख ६४ हजार ४१७ रुपैंया २२ पैसा पुऱ्याउने।

४. प्रबन्धपत्रको दफा ६ को पूँजी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने।

५. नियमावलीको दफा ३२ मा रहेको सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्वन्धी व्यवस्थामा समसामयिक परिमार्जन गर्ने।

६. प्रस्तावित संशोधन/परिमार्जनमा नियामक निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने।

७. यस वित्तीय संस्थासँग अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिबाट गठित मर्जर समिति तथा सो समितिले गरेको कार्य अनुमोदन गर्ने, नयाँ मर्जर समिति गठन गर्ने, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ती गर्ने, निजको पारिश्रमिक तोक्ने लगायतका प्रकृया अवलम्बन गरी संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

ग) विविध

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८१/०९/११ गते शेयर दाखिल खारेज बन्द रहनेछ। २०८१/०९/१० गते सम्ममा शेयर खरीद/बिक्री गरी प्रचलित कानुन बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेडमा प्राप्त विवरणहरूको आधारमा कायम शेयरधनीहरूले मात्र वार्षिक साधारण सभामा भाग लिन पाउने छन्।

२. साधारण सभामा भाग लिनका लागि सूचना साथ प्रेषित प्रवेशपत्र वा शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको प्रमाणपत्र तथा आफ्नो परिचय खुल्ने प्रमाणपत्र अनिवार्य रूपमा साथमा लिई आउनु हुन सबै शेयरधनी महानुभावहरूलाई सूचित गरिन्छ। अन्यथा सभा कक्षमा प्रवेश गर्न दिइने छैन।

३. कुनै कारणवश शेयरधनी महानुभावहरूले प्रवेशपत्र प्राप्त गर्न नसकेमा यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, बुटवलमा साधारण सभा हुने मिति अगावै सम्पर्क राख्नु भई प्रवेशपत्र प्राप्त गर्न सक्नु हुनेछ।

४. शेयरधनी दर्ता पुस्तिका अनुसार कायम शेयरधनी महानुभावहरूको ठेगानामा वार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन पठाइनेछ। कारणवश उक्त सूचना वा प्रतिवेदन प्राप्त नभएमा वित्तीय संस्थाले आफ्नो वेबसाइट (www.rsdcmf.com) वा अन्य सञ्चार माध्यममा प्रकाशित गरेको सूचनालाई आधार मानी साधारण सभामा भाग लिन वा प्रतिनिधि नियुक्ति (प्रोक्सी) गर्न सक्नु हुनेछ।

५. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले यस वित्तीय संस्थाको सोही समूहका शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ। यसरी प्रतिनिधि नियुक्त गरेको जानकारी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ।

६. एक जना शेयरधनीबाट एकभन्दा बढी प्रतिनिधि नियुक्त गर्न सकिने छैन। तर एक जना भन्दा बढी प्रतिनिधि नियुक्त भएको देखिएमा सबैभन्दा पहिले दर्ता भएको प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी) लाई मान्यता दिइनेछ।

७. शेयरधनीले प्रतिनिधि नियुक्त गरिसकेपछि प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी) बदर नगरी आफैं साधारण सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नु भएमा प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ।

८. वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रूपमा उल्लेख भएको व्यक्ति मात्र नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ।

९. संयुक्त रूपमा शेयर लिने शेयरधनीहरूको हकमा शेयरधनीहरूको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिले प्रतिनिधि नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाउने छन्।

१०. संगठित संस्था शेयरधनी भएमा उक्त संस्थाद्वारा मनोनित व्यक्तिले ल्याउने गरी प्रतिनिधि पत्र (प्रोक्सी) फाराममा संस्थाको छाप तथा आधिकारिक व्यक्तिको दस्तखत हुनु पर्नेछ।

११. शेयरधनी महानुभावहरूको सुविधाका लागि हाजिरी पुस्तिका सभा स्थलमा साधारण सभा हुने दिन बिहानको ८.०० बजेदेखि साधारण सभा समापन नहुन्जेलसम्म खुला रहनेछ।

१२. छलफलको विषय अन्तर्गत विविध शीर्षकमा छलफल गर्ने विषय बारे सभा हुनु भन्दा ७ दिन अगावै कार्यालय समय भित्र अध्यक्षलाई सम्बोधन गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ। उक्त विषयको औचित्यता हेरी छलफलमा समावेश गरिए तापनि पारित हुने प्रस्तावको रूपमा भने समावेश गरिने छैन।

१३. अन्य आवश्यक जानकारीका लागि यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

### निर्वाचन सम्बन्धी जानकारी

१. निर्वाचनमा सञ्चालक पदको उम्मेदवार हुन चाहनेले कम्पनीको नियमावली वमोजिम कम्तीमा १०० कित्ता शेयर लिएको हुनु पर्नेछ। उक्त शेयर शेयरधनीहरुको दाखिल खारेज दर्ता बन्द हुनु पूर्व कारोबार गरी शेयरवालाको नाममा नामसारी भएको हुनु पर्नेछ। साथै, शेयर कुनै पनि प्रकारको धितो बन्धकमा नरहेको हुनु पर्दछ।

२. प्रतिनिधिपत्रबाट मतदान गर्ने शेयरवालाले मतदान गर्न पाउने अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने संस्थाको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन।

३. योग्यता पुगेको शेयरवालाले सञ्चालक पदमा उम्मेदवार हुने मनोनयन पत्र स्वयं हस्ताक्षर गरी तोकिएको मिति र समयमा निर्वाचन अधिकृत समक्ष पेश गरिसक्नु पर्नेछ।

४. यसरी मनोनयन पत्र दाखिल गर्दा आफु जुन समुहबाट उम्मेदवार हुने हो सोही समूहको एक जना शेयरवाला प्रस्तावक र एक जना समर्थकको रुपमा दस्तखत गरेको हुनु पर्दछ।

५. प्रस्तावक र समर्थकको रुपमा दस्तखत गर्ने शेयरधनीले यस वित्तीय संस्थाको कम्तीमा १०० कित्ता शेयर लिएको हुनु पर्दछ।

६. एक जना शेधरधनीले एक जना भन्दा बढी उम्मेदवारको लागि प्रस्तावक र समर्थकको रुपमा दस्तखत गर्न पाउने छैन।

७. उम्मेदवार मनोनयन पत्र निर्वाचन अधिकृतको कार्यालय, आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड, बुटवल-१०, रुपन्देहीमा उपलब्ध हुनेछ।

८. निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके अनुसार हुनेछ। निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यक्रमहरु निर्वाचन अधिकृतको कार्यालयको सूचना पाटीमा १५ दिन अगावै प्रकाशित गरिने छ।

९. प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशनहरुमा उल्लिखित योग्यता नपुगेको व्यक्ति सञ्चालकको उम्मेदवार हुन योग्य हुने छैन।

# कम्पनी ऐन २०६३ को दफा ८४ (४) को प्रयोजनका लागि प्रकाशित विवरण

(यो आर्थिक विवरण सञ्चालकको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो ।)

आदरणीय शेयरधनी महानुभावहरू,

आर्थिक वर्ष २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब, ईक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण सहितको वार्षिक आर्थिक प्रतिवेदन कम्पनी ऐन, २०६३ बमोजिमको संक्षिप्त विवरणहरु समावेश गरी समीक्षा वर्षको कारोबारहरुको सिंहावलोकन, वित्तीय अवस्थाको विवरण, अर्थतन्त्रको समीक्षाहरु सहितको सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरणहरु देहाय बमोजिम रहेको छ।

समीक्षा वर्षको वित्तीय अवस्थाको झलक निम्न बमोजिमको रहेको छ।

(रकम रु. हजारमा)

| क्र.सं. | विवरण | असार २०८१ | असार २०८० | वृद्धि |
|---|---|---|---|---|
| १ | कर्जा लगानी | ६,५०४,२२६ | ६,९५१,९६४ | -६% |
| २ | कर्जा सापटी | ५,३५९,३३१ | ५,८२६,२६८ | -८% |
| ३ | सञ्चालन मुनाफा | २५२,१२६ | १५५,२११ | ६२% |
| ४ | खुद मुनाफा | १४१,७४३ | १०७,४७३ | ३२% |
| ५ | पूँजी पर्याप्तता | १८.४९ % | १५.९१% | १६% |
| ६ | कर्जा नोक्सानी व्यवस्था | २३१,०९७ | २३७,६६३ | -३% |
| ७ | निष्कृय कर्जा | ३.३१ | १.४० | १३६% |
| ८ | प्रति शेयर आम्दानी | १५.०१ | १२.३६ | २१% |

सहकारी तथा लघुवित्तका क्षेत्रमा देखा परेका विविध समस्याहरूका कारण २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा वित्तीय संस्थाको कर्जा लगानीमा करिब ६ प्रतिशतले कमी आएको छ। तथापि वित्तीय संस्थाले उपलब्ध स्रोत र साधनको प्रभावकारी परिचालन मार्फत सोही अवधिमा खुद नाफामा ३२ प्रतिशत तथा प्रतिशेयर आम्दानीमा २१ प्रतिशतको वृद्धि हासिल गर्न सफल भएको छ।

विगत वर्षहरूमा भोग्नु परेको पर्याप्त वित्तीय स्रोतको अभाव तथा उच्च ब्याजदरको अवस्था भन्दा विपरीत हाल बैंकहरूमा अधिक लगानी योग्य रकम थुप्रिएको र न्यून ब्याजदरका बावजुद पनि समग्र अर्थतन्त्रमा देखिएको सुस्तता र व्यावसायिक मनोबलमा कमीका कारण कर्जाको मागमा वृद्धि हुन सकेको देखिदैन। अर्थतन्त्रमा आएको सुस्तताका कारण कर्जाको व्याजदर एकल अंकमा झरेको भएतापनि व्यावसायिहरू प्रभावकारी योजना सहित बैंकमा जान सकिरहेका छैनन्।

अर्थतन्त्रमा देखिएको सुस्तताको कारण ऋणीहरूको कर्जा भुक्तान गर्ने क्षमता प्रभावित हुनुका साथै बैंक तथा वित्तीय संस्थाहरू विरूद्ध केही अराजक समुहले संगठित रूपमै कर्जा भुक्तान नगर्न गरेको दुष्प्रचार र वित्तीय संस्थाका कर्मचारीहरूमाथि दुर्व्यवहार गर्ने जस्ता कारणबाट समेत बैंक तथा वित्तीय संस्थाहरूको कर्जा लगानी गर्ने योजना प्रभावित हुन पुग्यो। त्यस्ता क्रियाकलापका कारण जसको कारण बैंक तथा वित्तीय संस्थाहरूको कर्जा असुली प्रभावित भई, निष्कृय कर्जा उच्च दरमा वृद्धि हुनुका साथै नाफा समेत प्रभावित भयो। त्यसको प्रभाव यस संस्थाको वित्तीय विवरणमा समेत परेको देखिन्छ।

बैंक तथा वित्तीय संस्थालाई प्रभावित गर्ने कुनै पनि सकारात्मक/नकारात्मक घटनाले अन्ततोगत्वा देशको अर्थतन्त्रको खम्बाको रूपमा रहेका सहकारी संस्थाहरू समेत अछुतो रहन सक्दैनन्। फलस्वरूप सहकारी संस्थाहरूको समेत कर्जा असुलीमा कठिनाई भई निष्कृय कर्जामा वृद्धि हुन गयो। समीक्षा अवधिमा देशका केही ठुला सहकारी संस्थाका पदाधिकारीहरूले संस्थाको सम्पत्ति हिनामिना गरेकोले ती संस्थाहरू समस्याग्रस्त भएका समाचारहरू बारम्बार प्रकाशित भईरहे जसको कारण समग्र सहकारी क्षेत्रको विश्वसनीयतामा नै संकट उत्पन्न हुन पुग्यो। फलस्वरूप सदस्यहरूले संस्थाबाट बचत फिर्ता गर्ने क्रम उच्च मात्रामा वृद्धि भएको र तरलता व्यवस्थापनमा थप दबाब परेकोले सहकारी संस्थाहरू थप समस्याग्रस्त हुदै गई रहेका छन्।

लघुवित्त तथा सहकारीको क्षेत्रमा देखिएका उल्लेखित समस्याहरू हालसम्म पनि विद्यमान रहेकोले यस वित्तीय संस्थाले आगामी दिनमा साझेदार संस्थाहरूको प्रभावकारी निरीक्षण तथा अनुगमन गर्ने, कर्जा असुली कार्यलाई प्रभावकारी बनाई कर्जाको गुणस्तर कायम राख्ने तथा साझेदार संस्थाहरूको जोखिम व्यवस्थापन तथा क्षमता अभिवृद्धिका लागि विभिन्न प्रकारका तालिम, गोष्ठी तथा अन्तर्क्रिया लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै साझेदार संस्थाहरूको दिगो विकास गरी लक्ष्य हासिल गर्ने नीति लिएको छ।

अहिले व्यवसाय विस्तारको रणनीति भन्दा पनि भईरहेको व्यवसायलाई गुम्न नदिन प्रतिस्पर्धात्मक व्याजदर कायम गर्ने, थप कर्जा प्रवाह गर्दा कर्जा विश्लेषण प्रक्रियालाई दुरूस्त बनाउने र कर्जा असुली कार्यलाई प्रभावकारी बनाउने रणनीति लिईएको छ। संस्थाको पूँजी पर्याप्तता अनुपात बलियो रहेकोले अर्थतन्त्रमा आउने सुधारसँगै व्यवसाय विस्तारको गति दिन सहज हुने अनुमान गरिएको छ।

**कम्पनी ऐन, २०६३ अनुसारको अतिरिक्त विवरणहरु**

**क) व्यावसायिक सम्बन्ध :**

वित्तीय स्रोत उपलब्ध गराउने बैंक तथा वित्तीय संस्थाहरु तथा कर्जा सुविधा उपभोग गर्ने ऋणी साझेदार संस्थाहरूसँग पारस्परिक लाभ तथा व्यावसायिक निष्ठामा आधारित सम्बन्ध कायम गरी दिगो व्यवसाय विस्तार गर्न सकिन्छ भन्ने हाम्रो विश्वास रहेकोले, सबै साझेदार संस्था तथा सरोकारवालाहरूसँग पारस्परिक लाभमा आधारित सुमधुर व्यावसायिक सम्बन्ध स्थापित गरिएको छ ।

**ख) आन्तरिक नियन्त्रण प्रणाली**

आन्तरिक नियन्त्रण प्रणालीलाई संस्थागत सुशासनको मेरूदण्डको रूपमा आत्मसात गर्दै सो विरूद्ध शून्य सहनशीलताको नीति अख्तियार गरिएको छ । सञ्चालकस्तरीय जोखिम व्यवस्थापन समिति, लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धीकरण अनुगमन समितिका साथै व्यवस्थापकीयस्तरको आर्थिक निर्देशन समिति, खरिद समिति, सम्पत्ति दायित्व व्यवस्थापन समिति लगायतका विभिन्न समिति/उप-समितिहरू क्रियाशील रहेका छन् । सबै समिति/उपसमितिहरूको काम, कर्तव्य र अधिकार स्पष्टसँग परिभाषित गरी लागु गरिएकोले संस्थाको आन्तरिक नियन्त्रण प्रणाली सक्षम तथा प्रभावकारी रहेको छ । प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनको अक्षरशः अनुपालना गर्दै, आन्तरिक तथा बाह्य लेखापरीक्षण र सुपरिवेक्षकीय प्रतिवेदनमा औंल्याइएका कैफियतहरूको समीक्षा गरी सञ्चालक समितिले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताका लागि समय समयमा व्यवस्थापनलाई निर्देशन दिंदै आएको छ ।

**ग) कारोबारलाई असर पार्ने मुख्य कुराहरु**

वित्तीय संस्थाको कारोबारलाई असर पार्न सक्ने मुख्य कुराहरू निम्नानुसार रहेका छन् :

- बैंक तथा वित्तीय संस्थाहरूमा पर्याप्त तरलता तथा न्यून ब्याजदरका बावजुद बजारमा कर्जाको माग हुन नसक्नु,
- मुख्यतः लघुवित्त वित्तीय संस्थाहरूमा थोक कर्जा प्रदान गर्ने कार्यमा क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरूसँगको सघन प्रतिस्पर्धा,
- थोक तथा खुद्रा लघुवित्त क्षेत्रमा बढ्दो प्रतिस्पर्धाका कारण कर्जाको दोहोरोपना तथा कर्जाको दुरूपयोग गर्ने प्रवृत्तिमा वृद्धि हुनु,
- सहकारी संस्थाहरूको प्रभावकारी नियमन अनुगमन गर्ने संयन्त्रको अभाव तथा सहकारी संस्थाहरू समस्याग्रस्त हुँदै गएका कारण समग्र सहकारी क्षेत्रप्रतिको विश्वासमा आएको कमी,
- समग्र बैंकिङ्ग क्षेत्र (सहकारी संस्था समेत) को निष्कृय कर्जा बढ्दै जानु,
- बैंक तथा वित्तीय संस्था (सहकारी संस्था समेत) का विरूद्धका विभिन्न गतिविधिहरू,
- लघुवित्तका कार्यक्रमहरूलाई प्रभावित गर्ने गरी अवाञ्छित तत्वहरूबाट बेलाबेलामा हुने गरेका अराजक गतिविधिहरू,
- मुलुकको सामाजिक, राजनीतिक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक तथा राजनीतिक अवस्थामा हुने परिवर्तन,
- सरकारको पूँजीगत खर्च सधैं न्यून र अप्रभावकारी रहनु,
- संघ, प्रदेश तथा स्थानीय निकायले सहकारी/लघुवित्तको क्षेत्रमा लिने नीति,
- सरकार/नियामक निकायका निर्देशनहरू तथा नीतिमा हुन सक्ने परिवर्तन,
- प्राकृतिक विपत्ति, दैवी प्रकोप तथा अन्य भैपरी रूपमा आउने महामारीजन्य घटनाहरू,
- बैंक/वित्तीय संस्थाको ऋण ठूला ऋणीले त तिरेका छैनन् भने मैले नतिरेर के हुन्छ भन्ने प्रत्युत्पादक सोचाई,
- बढ्दो दण्डहीनता र त्यसले पैदा गरेको नैराश्य ।

**घ) संस्थागत सुशासन**

वित्तीय संस्थाले प्रचलित ऐन, कानून तथा नीति नियम लगायत नियामकीय निकायहरुबाट प्राप्त निर्देशनको पालना गर्दै वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ । वित्तीय संस्थाले प्रभावकारी आन्तरिक नियन्त्रण संयन्त्र स्थापना गर्नुका साथै दैनिक प्रशासनिक कार्यलाई नियमसङ्गत र प्रभावकारी बनाउनको लागि विभिन्न आन्तरिक नीति/निर्देशिकाहरू तर्जुमा गरी लागू गर्दै आएको छ र त्यस्ता नीति/निर्देशिकाहरू आवश्यकता अनुसार परिमार्जन/अद्यावधिक समेत गर्दै आइरहेको छ । यसका अलावा वित्तीय संस्थामा रहेका विभिन्न समिति तथा उपसमितिका साथै आन्तरिक तथा बाह्य लेखापरीक्षक तथा नियमनकारी निकायबाट प्राप्त निर्देशन तथा सुझावहरूको पालना गर्दै संस्थागत सुशासनलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्न वित्तीय संस्था प्रतिवद्ध रहेको छ ।

**(ङ) लाभांश बाँडफाँड गर्न सिफारिश गरिएको रकम**

चुक्ता पूँजीको ९.५० (नौ दशमलव पाँच शुन्य) प्रतिशतले हुने रकम रु. ८ करोड ९७ लाख १३ हजार ३५२ रुपैयाँ बराबरको बोनस शेयर वितरण गर्न तथा चुक्ता पूँजीको ०.५० (शुन्य दशमलव पाँच) प्रतिशतले हुने रकम रु. ४७ लाख २१ हजार ७५५ रुपैयाँ मात्र (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्न प्रस्ताव गरिएको छ ।

**(च) लेखापरीक्षकको मन्तव्य**

आ.व. २०८०/८१ को लेखापरीक्षण प्रतिवेदनमा कुनै गम्भीर प्रकृतिको कैफियत उल्लेख भएको छैन तथा लेखापरीक्षकबाट वित्तीय संस्थाको कारोबार नियमसंगत र सन्तोषजनक रहेको राय व्यक्त भएको छ ।

आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. RSDC २०७०

# RSDC Laghubitta Bittiya Sanstha Ltd.

## Statement of Financial Position

As on 31st Ashadh 2081

| Particulars | Note | As at 31st Ashad 2081 | As at 31st Ashad 2080 |
|---|---|---|---|
| **Assets** | | | |
| Cash and cash equivalent | 4.1 | 239,348,980 | 138,220,414 |
| Statutory Balances and Due from Nepal Rastra Bank | 4.2 | 55,055,277 | 39,926,029 |
| Placement with Bank and Financial Institutions | 4.3 | - | - |
| Derivative Financial Instruments | 4.4 | - | - |
| Other Trading Assets | 4.5 | - | - |
| Loans and advances to MFI's & Cooperatives | 4.6 | 6,306,102,101 | 6,726,737,852 |
| Loans and advances to customers | 4.7 | 8,556,708 | 7,634,774 |
| Investment securities | 4.8 | 2,000,000 | 2,000,000 |
| Current tax assets | 4.9 | - | 12,190,318 |
| Investment property | 4.10 | - | - |
| Property and Equipment | 4.11 | 4,415,150 | 5,267,347 |
| Goodwill and Intangible assets | 4.12 | 144,640 | 196,620 |
| Deferred Tax Assets | 4.13 | 2,172,013 | 802,530 |
| Other assets | 4.14 | 16,854,943 | 7,115,932 |
| **Total Assets** | | **6,634,649,812** | **6,940,091,816** |

| Particulars | Note | As at 31st Ashad 2081 | As at 31st Ashad 2080 |
|---|---|---|---|
| **Liabilities** | | | |
| Due to Bahk and Financial Institutions | 4.15 | - | - |
| Due to Nepal Rastra Bank | 4.16 | - | - |
| Derivative Financial Instrument | 4.17 | - | - |
| Deposits from customers | 4.18 | - | - |
| Borrowing | 4.19 | 5,359,331,019 | 5,826,268,373 |
| Current Tax Liabilities | 4.9 | 11,869,002 | - |
| Provisions | 4.20 | - | - |
| Deferred Tax Liabilities | 4.13 | - | - |
| Other liabilities | 4.21 | 57,239,664 | 43,879,576 |
| Debt securities issued | 4.22 | - | - |
| Subordinated Liabilities | 4.23 | - | - |
| **Total liabilities** | | **5,428,439,685** | **5,870,147,949** |
| **Equity** | | | |
| Share Capital | 4.24 | 944,351,065 | 869,568,200 |
| Share Premium | | - | - |
| Retained Earnings | | 97,328,893 | 79,304,569 |
| Reserves | 4.25 | 164,530,169 | 121,071,097 |
| **Total Equity** | | **1,206,210,127** | **1,069,943,866** |
| **Total Liabilities and Equity** | | **6,634,649,812** | **6,940,091,816** |
| Contingent Liabilities and commitment | 4.26 | 55,000,000 | 17,500,000 |
| Net Assets Value per Share | | 127.73 | 123.04 |

# RSDC Laghubitta Bittiya Sanstha Ltd.

## Statement of Profit or Loss

For the year ended 31st Ashadh 2081

*Figures in NPR*

| Particulars | Note | As at 31st Ashad 2081 | As at 31st Ashad 2080 |
|---|---|---|---|
| Interest Income | 4.27 | 872,154,471 | 948,784,523 |
| Interest Expense | 4.28 | 582,310,142 | 660,084,657 |
| **Net interest Income** | | **289,844,329** | **288,699,866** |
| Fees and commission Income | 4.29 | 18,182,013 | 37,654,167 |
| Fees and commission Expense | 4.30 | 2,802,500 | 12,491,366 |
| **Net Fee and Commission Income** | | **15,379,513** | **25,162,800** |
| **Net Interest, Fee and Commission Income** | | **305,223,841** | **313,862,667** |
| Net trading income | 4.31 | - | - |
| Other operating income | 4.32 | 45,000 | 29,967 |
| **Total Operating Income** | | **305,268,841** | **313,892,634** |
| Impairment charge/(reversal) for loans and other losses | 4.33 | (6,566,204) | 107,347,057 |
| **Net Operating Income** | | **311,835,045** | **206,545,577** |
| **Operating Expense** | | | |
| Personnel Expense | 4.34 | 46,535,882 | 36,120,328 |
| Other Operating Expense | 4.35 | 10,671,437 | 12,979,759 |
| Depreciation and Amortization | 4.36 | 3,171,476 | 2,414,982 |
| **Operating Profit** | | **251,456,251** | **155,030,508** |
| Non Operating Income | 4.37 | 669,603 | 180,873 |
| Non Operating Expense | 4.38 | - | - |
| **Profit before Income Tax** | | **252,125,854** | **155,211,382** |
| Income Tax Expense | 4.39 | | |
| Current Tax | | 76,027,376 | 47,016,966 |
| Previous Year Tax | | 35,631,417 | - |
| Deferred Tax | | (1,275,572) | 721,103 |
| **Profit for the Year** | | **141,742,634** | **107,473,312** |
| **Profit attributable to:** | | | |
| Equity holders of the Financial Institution | | 141,742,634 | 107,473,312 |
| **Profit for the Year** | | **141,742,634** | **107,473,312** |
| **Earnings Per Share (EPS)** | | | |
| Basic EPS | | 15.01 | 12.36 |
| Diluted EPS | | 15.01 | 12.36 |

आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
RSDC
२०७० 

# RSDC Laghubitta Bittiya Sanstha Ltd.

## Statement of Other Comprehensive Income

For the year ended 31st Ashadh 2081

*Figures in NPR*

| Particulars | Note | As at 31st Ashad 2081 | As at 31st Ashad 2080 |
|---|---|---|---|
| Profit for the year | | 141,742,634 | 107,473,312 |
| Other Comprehensive Income, net of income tax | | | |
| **a. Items that will not be reclassified to Profit or Loss** | | - | - |
| Gains / (Losses) from investment in equity instruments measured at fair value | | - | -- |
| Gains / (Losses) on revaluation | | - | - |
| Actuarial Gains / (Losses) on defined benefit plans | | - | - |
| Income tax relating to above items | | (313,036) | 720,592 |
| **Net other Comprehensive Income that will not be reclassified to Profit or Loss** | | 93,911 | (216,178) |
| | | **(219,125)** | **504,414** |
| **b. Items that are or may be reclassified to Profit or Loss** | | | |
| Gains (Losses) on cash flow hedge | | - | - |
| Exchange gains (Losses) arising from translating financial assets of foreign operation | | - | - |
| Income tax relating to above items | | - | - |
| Reclassify to Profit or Loss | | - | - |
| **Net other Comprehensive Income that are or may be reclassified to Profit or Loss** | | - | - |
| **Other Comprehensive income for the year, net of income tax** | | (219,125) | 504,414 |
| **Total Comprehensive income for the year** | | 141,523,508 | 107,977,727 |
| **Total Comprehensive income for the period** | | 141,523,508 | 107,977,727 |

# RSDC Laghubitta Bittiya Sanstha Ltd.

## Statement of Distributable Profit or Loss

For the year ended 31st Ashadh 2081

As per NRB Regulation

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| **Net Profit/(loss) as per Statement of Profit or Loss** | **141,742,634** | **107,473,312** |
| **Appropriation** | | |
| a. General Reserve | (28,348,527) | (21,494,662) |
| b. Foreign Exchange Fluctuation fund | | |
| c. Capital redemption reserve | | |
| d. Corporate social responsibility fund | (1,417,426) | (1,074,733) |
| e. Employees' training fund | - | - |
| f. Client Protection Fund | (1,417,426) | (1,074,733) |
| **g. Other** | **397,080** | **805,228** |
| - Staff Training Fund Routed through PL | - | 177,401 |
| - CSR Expenses Routed through PL | 397,080 | 726,457 |
| - Interest income on Client Protection fund routed through PL | | (98,630) |
| **Adjusted Profit/(loss) before regulatory adjustment** | **110,956,334** | **84,634,412** |
| **Regulatory Adjustments:** | | |
| a. Interest Receivable (-)/previous accrued interest received(+) | (12,937,633) | (7,613,935) |
| b. Short loan loss provision in accounts(-)/reversal(+) | | |
| c. Short provision for possible losses on investment(-)/reversal(+) | | |
| d. Short provision for possible losses on Non-Banking Assets (-)/reversal(+) | | |
| e. Deferred Tax Assets recognized(-)/reveral(+) | (1,275,572) | 937,281 |
| f. Goodwill recognized (-)/Impairment of Goodwill(+) | - | |
| g. Bargain purchase gain recognized (-)/reversal(+) | - | |
| h. Actuarial Loss recognized (-)/reversal(+) | - | - |
| i. other | - | - |
| **Net profit for the year end 2081 Asar end available for distribution** | **96,743,129** | **77,957,758** |
| Opening Retained Earnings as on Shrawan 1, 2080 | 79,304,569 | 89,913,942 |
| Adjustment(+/-) | - | - |
| **Distribution:** | **(78,718,805)** | **(88,567,131)** |
| Bonus Share issued | (74,782,865) | (64,412,459) |
| Cash Dividend Paid | (3,935,940) | (24,154,672) |
| **Total Distributable profit or (loss) as on year end** | **97,328,893** | **79,304,569** |
| **Annualized Distributable Profit/(loss) per Share** | **10.31** | **9.12** |

आरएसडिसी लघुवित्त वित्तीय संस्था लि. RSDC २०७० 

# RSDC Laghubitta Bittiya Sanstha Ltd.

## Statement of Cash Flows

For the year ended 31st Ashadh 2081

| Particulars | | As at 31st Ashad 2081 | As at 31st Ashad 2080 |
|---|---|---|---|
| **CASH FLOWS FROM OPERATING ACTIVITIES** | | | |
| Interest received | | 851,618,545 | 936,601,663 |
| Fees and other income received | | 18,182,013 | 37,835,040 |
| Dividend received | | - | - |
| Receipts from other operating activities | | 669,603 | - |
| Interest paid | | (586,222,761) | (653,955,976) |
| Commission and fees paid | | (2,802,500) | (12,491,366) |
| Cash payment to employees | | (35,198,757) | (34,514,061) |
| Other expense paid | | (12,919,079) | (12,728,229) |
| **Operating cash flows before changes in operating assets and liabilities** | | **233,327,065** | **260,747,072** |
| **(Increase)/Decrease in operating assets** | | **424,762,579** | **(1,439,301,640)** |
| Due from Nepal Rastra Bank | | - | - |
| Placement with Bank and Financial Institutions | | (15,129,248) | - |
| Other trading assets | | - | - |
| Loans and advances to bank and financial institutions | | 447,737,887 | (1,419,891,462) |
| Loans and advances to customers | | (4,581,366) | 810,000 |
| Other assets | | (3,264,694) | (20,220,178) |
| **Increase/(Decrease) in operating liabilities** | | **(464,026,581)** | **1,181,812,526** |
| Due to bank and financial institutions | | - | - |
| Due to Nepal Rastra Bank | | - | - |
| Deposit from customers | | - | - |
| Borrowings | | (466,937,354) | 1,179,095,431 |
| Other liabilities | | 2,910,773 | 2,717,096 |
| **Net cash flow from operating activities before tax paid** | | **194,063,062** | **3,257,958** |
| Income taxes paid | | (87,599,472) | (43,000,000) |
| **Net cash flow from operating activities** | | **106,463,590** | **(39,742,042)** |
| **CASH FLOW FROM INVESTING ACTIVITIES** | | | |
| Purchase of investment securities | | - | - |
| Receipts from sale of investment securities | | - | - |
| Purchase of property and equipment | | (1,478,572) | (638,425) |
| Receipt from the sale of property and equipment | | 45,000 | 52,500 |
| Purchase of intangible assets | | - | - |
| Receipt from the sale of intangible assets | | - | - |
| Purchase of investment properties | | - | - |
| Receipt from the sale of investment properties | | - | - |
| Interest received | | - | - |
| Dividend received | | - | - |
| **Net cash used in investing activities** | | **(1,433,572)** | **(585,925)** |
| **CASH FLOWS FROM FINANCING ACTIVITIES** | | | |
| Receipt from issue of debt securities | | - | - |
| Repayment of debt securities | | - | - |
| Reciepts from issue of subordinated liabilities | | - | - |
| Repayment of subordinated liability | | - | - |
| Receipts from issue of shares | | - | - |
| Dividends paid | | (3,901,451) | (24,154,672) |
| Interest paid | | - | - |
| Other recepit/payment | | - | - |
| **Net cash from financing activities** | | **(3,901,451)** | **(24,154,672)** |
| **Net increase (decrease) in cash and cash equivalents** | | **101,128,567** | **(64,482,639)** |
| Cash and cash equivalents at Shrawan 1, 2080 | | 138,220,414 | 202,703,053 |
| Effect of exchange rate fluctuations on cash and cash equivalents held | | - | - |
| **Cash and cash equivalents at the Asar end, 2081** | | **239,348,980** | **138,220,414** |

# RSDC Laghubitta Bittiya Sanstha Ltd.

## Statement of Changes in Equity

Attributable to equity holders of the Institution

| Particulars | Share Capital | Share premium | General reserve | Regulatory Reserve | Retained earning | Other Reserves | CPF | CSR Reserve | Actuary Reserve | Employee Training Fund | Deferred Tax Reserve | Total Equity |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Balance at 1 Shrawan 2079 | 805,155,741 | - | 83,819,712 | 2,162,386 | 89,913,942 | 6,094,584 | 2,478,888 | 1,743,809 | (45,327) | 177,401 | 1,739,812 | 987,146,367 |
| Adjustment/Restatement | | - | | | | - | | | | | | - |
| **Adjusted/Restated balance at Shrawan 1, 2079** | | - | | | | - | | | | | | - |
| **Comprehensive income for the year** | | - | | | | - | | | | | | - |
| Profit for the year | | - | | - | 107,473,312 | (937,281) | | | | | (937,281) | 106,536,031 |
| **Other comprehensive income, net of tax** | | - | | | | - | | | | | | - |
| Gains/(loses) from investments in equity instruments measured at fair value | | | | | | - | | | | | | - |
| Gains/(loses) on revaluation | | - | | | | - | | | | | | - |
| Actuarial gains/(losses) on defined benefit plans | | - | | | | 504,414 | | | 504,414 | | | 504,414 |
| Gains/(losses) on cash flow hedge | | - | | | | - | | | | | | - |
| Exchange gains/(losses)(arising from translating financial assets of foreign operation) | | - | | | | - | | | | | | - |
| **Total Comprehensive income for the year** | - | - | - | - | 107,473,312 | (432,867) | - | - | 504,414 | - | (937,281) | 107,040,445 |
| Transfer to reserve during the year | | - | 21,494,662 | 7,613,935 | (31,356,694) | 2,149,466 | 1,074,733 | 1,074,733 | | - | | (98,630) |
| Transfer from reserve during the year | | | | - | 1,841,139 | (1,830,784) | (926,925) | (726,457) | | (177,401) | | 10,356 |
| Transactions with owners, directly recognized in equity | | - | | | | - | | | | | | - |
| Share issued | | - | | | | - | | | | | | - |
| Share based payments | | - | | | | - | | | | | | - |
| Dividends to equity holders | | - | | | | - | | | | | | - |
| Bonus shares issued | 64,412,459 | - | | | (64,412,459) | - | | | | | | - |
| Cash dividend paid | | - | | | (24,154,672) | - | | | | | | (24,154,672) |
| Other | | - | | | | - | | | | | | - |
| **Total Contributions by and distributions** | 64,412,459 | - | 21,494,662 | 7,613,935 | (118,082,686) | 318,683 | 147,808 | 348,276 | - | (177,401) | | (24,242,947) |
| **Balance at 31 Asar 2080** | 869,568,200 | - | 105,314,375 | 9,776,321 | 79,304,569 | 5,980,400 | 2,626,696 | 2,092,085 | 459,087 | | 802,532 | 1,069,943,867 |
| **Balance at 1 Shrawan 2080** | 869,568,200 | - | 105,314,375 | 9,776,321 | 79,304,569 | 5,980,400 | 2,626,696 | 2,092,085 | 459,087 | - | 802,532 | 1,069,943,867 |
| **Comprehensive income for the year** | | | | | | - | | | | | | - |
| **Profit for the year** | | - | | | 141,742,634 | - | | | | | | 141,742,634 |
| **Other comprehensive income, net of tax** | | - | | | | - | | | | | | - |
| Gains/(losses) from investments in equity instruments measured at fair value | | - | | | | - | | | | | | - |
| Gains/(losses) on revaluation | | - | | | | - | | | | | | - |
| Actuarial gains/(losses) on defined benefit plans | | - | | | | (219,125) | | | (219,125) | | | (219,125) |
| Gains/(losses) on cash flow hedges | | - | | | | - | | | | | | - |
| Exchange gains/(losses) (arising from translating financial assets of foreign operation) | | - | | | | - | | | | | | - |
| **Total Comprehensive income for the year** | - | - | - | - | 141,742,634 | (219,125) | - | - | (219,125) | - | - | 141,523,508 |
| Transfer to reserve during the year | | - | 28,348,527 | 15,015,736 | | 2,834,853 | 1,417,426 | 1,417,426 | | - | | 46,199,116 |
| Transfer from reserve during the year | | - | | | (44,999,504) | (2,520,926) | (1,321,314) | (397,080) | | - | (802,532) | (47,520,431) |
| **Transactions with owners, directly recognized in equity** | | - | | | | - | | | | | | - |
| share issued | | - | | | | - | | | | | | - |
| Share based payment | | - | | | | - | | | | | | - |
| Dividends to equity holders | | - | | | | - | | | | | | - |
| Bonus shares issued | 74,782,865 | - | | | (74,782,865) | - | | | | | | - |
| Cash dividend paid | | - | | | (3,935,940) | - | | | | | | (3,935,940) |
| Other | | - | | | | - | | | | | | - |
| **Total contributions by and distributions** | 74,782,865 | - | 28,348,527 | 15,015,736 | (123,718,310) | 313,927 | 96,112 | 1,020,346 | - | - | (802,532) | (5,257,255) |
| **Balance at 31 Asar 2081** | 944,351,065 | - | 133,662,901 | 24,792,065 | 97,328,893 | 6,075,200 | 2,722,808 | 3,112,431 | 239,962 | - | (0) | 1,206,210,123 |